

# अध्याय -१२

## पृथ्वी समाप्त हुनुभन्दा अघि हुने घट्नाहरू

<u>यस अध्यायका मूल पदहरू:</u> यूहन्ना ८:३२; इजकिएल २०:१२,२०; प्रकाश ७:१,२; प्रकाश १४:१: योयल २:२१-२४; होसे ६:३; याकूब ५:७,८ र प्रकाश १८:१-४।

<u>यस अध्यायको मुल सार पदः</u> *"सत्य किन् र त्यो बिक्री नगर्। बुद्धि, अनुशासन र समझदारी प्राप्त गर्।" हितोपदेश २३:२३।*

मानौं तपाईंकी तन्नेरी छोरी गर्मीको छुट्टीमा टाढा कलेजबाट आफ्नै कारमा आउँदैछिन् रे। उनको प्रतिक्षामा तपाईं उत्सुक भएर बस्नुहुन्छ। अनि तपाईंले मौसमको बारेमा फिक्री गर्दै सुन्दै हुनुहुन्छ। मौसम द्रुत गतिले बदलिएको देख्दा तपाईं चिन्तित हुनुहुन्छ। आकाशमा कालो बादल लागेको तपाईं देख्दै हुनुहुन्छ। डरलाग्दो आँधीबेरी आइरहेको हुन्छ। अनि आकाशबाट पानीको मुस्लो झर्छ। सडकभरी जताततै रूखहरू ढलेको हुन्छ। अनि घरमा आउने सडकमा पानी बगेर सडकै बन्द हुन्छ। अनि तपाईंले आफ्नो छिमेकीबाट खबर पाउनुहुन्छ कि तपाईंकी छोरी बैकल्पिक बाटोबाट घर आउन सक्छिन्। ढलेका रूखहरूबाट बच्दै कारहरू आइरहेका हुन्छन्। आफ्नी छोरीसँग कसरी कुरा गर्ने त्यो पनि मुश्किल भएको तपाईं पाउनुहुन्छ। जसरी तसरी तपाईंले छोरीलाई एसएमएस पठाउनुहुन्छ र कुन बाटो भएर सुरक्षितसाथ घरमा आउनु भनेर अऱ्हाउनुहुन्छ।

हाम्रो जीवनको आँधीबेरीबाट उकास्दै येशूले हामीलाई घर पुऱ्याउने अत्यन्तै उत्सुक हुनुहुन्छ। एलेन जी. ह्वाइटले यो लेख्छिन्, "आँधीबेरी

आउँदैछ। त्यो भयानक रीतिले आउँदैछ। के त्यसको निम्ति हामी तयार छौं?" *टेस्टिमोनिज फर द चर्च,* ठेली ८, पृ. ३१५। येशू ख्रीष्टको जीवन, मृत्यु, पुनरुत्थान र स्वर्गको पवित्र स्थानमा उहाँको सेवाकार्यले हामी सुरक्षितपूर्वक घर पुगौं भनेर उहाँले सुनिश्चित गर्न चाहनुहुन्छ। युगको अन्तमा रहने मानिसहरूको निम्ति परमेश्वरका निर्देशनहरू दानिएल र प्रकाशका भविष्यवाणीहरूमा लेखिएका छन्। जीवनमा आउने आँधीबेरीबाट पार भएर प्रिय मुक्तिदाताको न्यानो मायाको काखमा एक दिन हामी पुग्नेछौं भन्ने आशामा हामी बिचलित नभएर बाँचीरहेका छौं।

परमेश्वरको भविष्यवाणीको वचनले युगको समाप्तमा हुने घट्नाहरू र ख्रीष्टको बलले संसारको अन्तिम द्वन्द्वलाई पार गर्दै हामीलाई घर पुऱ्याउने विषयलाई प्रकट गर्ने यस अध्यायको लक्ष्य हो।

***यो अध्याय द ग्रेट कन्त्रोभर्सीको अध्याय ३७ र ३८ मा आधारित छ।***

## १. परमेश्वर र उहाँको वचन प्रति बफादार हुन आह्वान

**देहायका पदहरूमा के साझा विषय बुनिएको छ? हेर्नुहोस्, " सत्य किन् र त्यो बिक्री नगर्। बुद्धि, अनुशासन र समझदारी प्राप्त गर्।" हितोपदेश २३:२३, " ३१ येशूले आफूमाथि विश्वास गर्ने यहूदीहरूलाई भन्नुभयो, "तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ। ३२ तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ।" यूहन्ना ८:३१-३२ र " तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो।" यूहन्ना १७:१७।**

युगौं युगदेखि सत्य र गलत वा भ्रमको बिचमा भिषण मतभेद भइरहेको छ। सैतान फताहा हो र उ फताहाको बाबु हो (यूहन्ना ८:४४)। सबै सत्यको स्रष्टा वा स्रोत येशू हुनुहुन्छ। उहाँले यो घोषणा गर्नुभयो, "बाटो, सत्य र जीवन मै हुँ।" यूहन्ना १४:६। सैतानका छल र जालबाट हामीलाई परमेश्वरको वचनले नै उम्काउनुहुन्छ। बाइबलले सैतानको रणनीतिलाई उघार्दछ र परमेश्वरको योजना बाइबलले नै प्रकट गर्दछ। परमेश्वरको वचन हाम्रा पाउहरूका निम्ति बत्ती हो (भजन ११९:१०५)। भजनका लेखकले यो भावना व्यक्त गर्दछन्, "तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ, त्यसले सीधासादा मानिसहरूलाई समझशक्ति दिन्छ।" भजन ११९:१३०। अनि उनले

यो थप्दछन्, "तपाईंका सम्पूर्ण वचनहरू सत्य छन्, र तपाईंका सबै धार्मिक नियमहरू अनन्तका छन्।" भजन ११९:१६०।

**भविष्यवाणीको बारेमा पत्रुसले हामीलाई के आश्वासन दिन्छन्? परमेश्वरको वचनमा भएका भविष्यवाणीहरूको महत्त्वलाई देखाउन उनले के चित्रण प्रयोग गर्छन्? हेर्नुहोस्, " १६ किनकि हामीले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको महाशक्ति र आगमनको समाचार दिंदा धूर्ततासँग रचिएका दन्त्यकथाहरूको हामीले अनुसरण गरेनौं, तर उहाँको वैभव प्रत्यक्ष देख्ने हामी साक्षी हौं। १७ उहाँले परमेश्वर पिताबाट आदर र महिमा प्राप्त गर्नुभयो, जब त्यस तेजस्वी महिमाबाट एउटा वाणी निस्किआयो, "यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अति प्रसन्न छु।" १८ त्यस पवित्र डाँड़ामा हामी उहाँसँग हुँदा स्वर्गबाट आएको त्यो वाणी हामी आफैले सुनेका थियौं। १९ हामीसित भएका अगमवक्ताहरूको वचन अझ निश्चित भएको छ। झिसमिसे उज्यालो नहोउञ्जेल र तिमीहरूका हृदयमा बिहानको तारा नउदाउञ्जेल अन्धकारमा बलिरहेको दियोलाई झैं तिमीहरूले त्यस वचनलाई ध्यान दियौ भने असल गर्नेछौ। २० सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्दछ, कि पवित्रधर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन। २१ किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।" २ पत्रुस १:१६-२१।**

पत्रुसको भनाइ अनुसार हामी पनि यो ठोकुवा गर्न सक्छौं, "समाचार दिंदा धूर्ततासँग रचिएका दन्त्यकथाहरूको हामीले अनुसरण गरेनौं।" परमेश्वरका भविष्यवाणीहरूले हाम्रो अगाडिको बाटोलाई उज्यालो दिन्छ। तिनीहरूले सत्यलाई असत्यबाट अलग बनाउँछ। बाइबलबिना हामी मानिसहरूको चलाकी धारणा, दर्शन र वादहरूमा सजिलैसँग लाग्दछौं र हामी धोखामा पर्न सक्छौं। "संसारमा भएका झुठा शिक्षक, प्रचारक र दार्सनिकहरूको प्रभावबाट सुरक्षित हुन परमेश्वरका जनहरूलाई बाइबल नै सुरक्षा कवच भनेर आत्मसात गर्नुपर्छ। यस संसारमा दुष्ट आत्मा वा वादहरूको प्रभावले मानिसहरूलाई फसाइ रहेको छ। बाइबलबाट सत्य ज्ञान नपाओस् भनेर सैतानले अनेकौं उपायहरू रचिरहेको छ। बाइबलको सरल विद्याले सैतानका छल र कुकृत्यलाई प्रकट गर्दछ। अन्तिम बेइमानी र धोखा हाम्रो सामु छिटै आउँदैछ। हाम्रै अगाडि ख्रीष्ट बिरोधी तत्वले अनेकौं चमत्कारीय कामहरू गर्नेछ।त्यसले सत्यको यसरी नक्कल गर्नेछ कि

बाइबलमा नभिजेका मानिसहरूले त्यो सैतानको चालबाजी हो भनेर छुट्याउन असम्भव हुनेछ। बाइबलका सत्यहरूले दिमागमा सुदृढ वा रक्षित राखेन भने कोही पनि अन्तिम भिषण द्वन्द्वमा खडा हुन सक्दैन। प्रत्येक मानिसको सामु हृदय खोतल्ने यो प्रश्न खडा हुनेछः के म मानिसहरूलाई भन्दा परमेश्वरको आज्ञालाई पालन गर्ने हो कि? निर्णय गर्ने क्षण अहिले नै हो। के हाम्रा पाउहरू परमेश्वरको अपरवर्तनीय र नहल्लिने वचनमा उभिरहेकाछौं कि? परमेश्वरका दश आज्ञाहरूको पक्षमा उभिन के हामी तयार छौं त? के हामीमा येशूको र येशूमा विश्वास छ त?"- *द ग्रेट कन्त्रोभर्सी,* ५९३।

***माथिको भनाइमा लेखिएका प्रश्नहरू सोच्नुहोस्। अन्तिम शङ्कटमा उभिन हामीलाई केले सामर्थ बनाउँछ? परमेश्वरको वचन नपढ्न हामीलाई कसरी र केले अलमल पारिरहेको छ? हाम्रो व्यक्तिगत आनन्दको निम्ति सत्यमा मन नलगाइ केसँग सम्झौता गरिरहेकाछौं?***

## २. स्वर्गको निम्ति लाहाछाप लगाइएको

कसको पूजा गर्ने, कसको आराधना गर्ने, को प्रति हाम्रो भक्ति देखाउने भन्ने विषयमा आउने शङ्कटमा परमेश्वरका थोरै मात्र किन नहोस् जनहरू हुनेछन् जो संसारको दवावमा आत्मसमर्पण गर्ने छैन (प्रकाश १४:१२)। तिनीहरूलाई पवित्र आत्माले नै लालमोहर लगाएको हुन्छ (एफिसी ४:३०) र तिनीहरूलाई कसैले पनि हल्लाउन सक्नेछैन। पौराणिक कालमा आधिकारिक कागजमा लालमोहर लगाएर त्यो कागज वा कागजमा भएको सम्झौता अनुमोदन गरिन्थ्यो। त्यसमा छाप लगाइएको लाल मोहर विशेष र व्यक्तिगत थियो। अन्तिम द्वन्द्व आराधना र परमेश्वरको अधिकारमा केन्द्रित भएकोले परमेश्वरको अधिकारलाई उहाँको व्यवस्था वा दश आज्ञाले प्रकट गरेको छ। परमेश्वरको छाप उहाँको व्यवस्थामा बुनिएको हुन्छ भनेर हामी अपेक्षा गर्न सक्छौं (यशैया ८:१६मा लेखिएको छः "यो गवाही-पत्र बाँधिदेऊ र यो व्यवस्था मेरा चेलाहरूका बीचमा बन्द गरेर त्यसमा मोहोर लगाइदेऊ।"

**प्रस्थान २०:८-११ पढ्नुहोस्। लालमोहर छापमा हुनुपर्ने तत्वहरू साबथको आज्ञामा के छन्? "८ "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न**

**गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।"**

आधिकारिक लालमोहरमा तीन तत्वहरू छन्: (१) कसको छाप हो त्यसलाई जनाउन लेख्ने नाउँ। यसमा "प्रभु तिम्रो परमेश्वर" (२) उहाँको दर्जा वा ओहोदा, "परमेश्वर जसले स्वर्ग र पृथ्वी बनाउनुभयो वा उहाँ सृष्टिकर्ता। (३) उहाँको क्षेत्र, "स्वर्ग वा आकाशमण्डल, पृथ्वी, समुद्र र त्यहाँ भएका सबै थोकहरू।" बाइबलमा लालमोहरलाई कहिलेकाहीं चिन्ह भनेर सम्बोधन गरिएको छ (रोमी ४:११)। ती दुवै शब्दहरूको अर्थ एउटै हो। परमेश्वरको चिन्ह वा लालमोहर परमेश्वरको व्यवस्थाको केन्द्रविन्दु हो। त्यो केन्द्रबिन्दु हो साबथ। युगको अन्तमा कसको आराधना गर्ने विषयमा द्वन्द्व चर्किनेछ (इजकिएल २०:१२,२०; प्रकाश १२:१७)।

**परमेश्वरको लालमोहर र पशुको छाप कहाँ लगाइनेछ? त्यसको भिन्नता के छ? हेर्नुहोस् तुलनात्मक रूपमा देहायका पदहरूः "१ यसपछि पृथ्वीमा वा समुद्रमा वा रूखमा बतास नचलोस् भनी चार स्वर्गदूतहरू पृथ्वीका चारै बतासलाई रोकेर पृथ्वीका चार कुनामा उभिरहेका मैले देखें। २ तब जीवित परमेश्वरको मोहोर साथमा लिई अर्को एक जना स्वर्गदूत पूर्वबाट उक्लेका मैले देखें। पृथ्वी र समुद्रलाई हानि पुर्‍याउने अख्तियार दिइराखेका चार स्वर्गदूतलाई यसो भनेर तिनले चर्को सोरले भने, ३ "हामीले हाम्रा परमेश्वरका दासहरूका निधारमा मोहोर नलाउञ्जेल पृथ्वी, समुद्र वा रूखहरूलाई केही हानि नगर।" प्रकाश ७:१-३, "अनि मैले हेरें, र सियोन डाँड़ामा थुमा खड़ा हुनुभएको मैले देखें। उहाँको साथमा एक लाख चवालीस हजार थिए, जसका निधारमा उहाँको नाउँ र उहाँका पिताको नाउँ लेखिएका थिए।" प्रकाश १४:१ र "१६ अनि त्यसले साना र ठूला, धनी र गरीब, फुक्का र कमारा सबैलाई तिनीहरूका दाहिने हात वा निधारमा छाप लगाउन लायो। १७ त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो। त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो। १८ बुद्धिमत्ता यसैमा छः जसको समझ छ, त्यसले त्यस पशुको संख्या जोडोस्, किनकि त्यो कुनै मानिसको संख्या हो, र यो संख्याचाहिँ छ सय छयसट्ठी हो।" प्रकाश १३:१६-१८।**

परमेश्वरको लालमोहर छाप निधारमा लगाइन्छ। निधारको दिमागको चिन्ह हो र यसले विवेकशील निर्णय गर्दछ।

पशुको छाप कि त निधार वा हातमा लगाइन्छ। त्यसको अर्थ मानिसहरूले स्वविवेक निर्णय गरेर सैतानका झुटहरूलाई स्वीकार गरेको छ भनेर प्रमाणित गरेको हुन्छ। आफ्नो ज्यानको मायाले तिनीहरूले झुटो आराधना वा आइतबार नै ठिक हो भनेर त्यस दिनमा आराधना गरिन्छ।

परमेश्वरका आज्ञा पालन गर्नेहरूलाई सैतानले घृणा गर्दछ र तिनीहरू प्रति आक्रोसित हुन्छ। जब "परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूका विश्वास" भएकाहरूलाई उसले घोर आक्रमण गर्नेछ (प्रकाश १४:१२)। तिनीहरू ख्रीष्ट प्रति बफादार भएर अडिग भएर बस्नेछन्।

***दिनदिनै प्रभुमा विश्वास गरेर उहाँको मार्गमा हिँड्नु नै अन्तिम युगमा आउने शङ्कटको सामना गर्न तयार हुने साँचो हो भनेर कसरी थाहा पाउने?***

## ३. कसको पूजा वा आराधना गर्ने?

अन्तिम दिनमा भिषण मतभेद आराधनाको विषयमा लिएर नाटकीय ढङ्गमा खेलिनेछ। के हामीले सनातन सृष्टिकर्ताको आराधना गर्छौं वा ढोग्छौं कि पशु र उसको प्रतिकलाई? आत्मिक जगतमा बाइबलको अनुसार मध्यम मार्ग भन्ने छैन। प्रकाश १४को पहिलो स्वर्दूतको सन्देश छ कि सारा मानिसहरूले स्वर्ग, पृथ्वी, समुद्र र पानीका मुहान सृष्टि गर्नुहुनेलाई प्रणाम गर वा उहाँको आराधना गर भनेको छ (प्रकाश १४:७)। पशु वा मूर्ति वा गलत आराधनाको नतिजा के हुनेछ भनेर तेस्रो स्वर्गदूतको सन्देश छः " त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ।" प्रकाश १४:१०। त्यसको विपरित परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूको विश्वास हुने भक्तजनले सृष्टिकर्ताको आराधना गर्नेछ भनेर उल्लेख गरिएको छ। प्रकाश १४:१२।

सत्य आराधनाको आधार नै परमेश्वर सृष्टिकर्ता हुनुभएकोले हो (प्रकाश ४:११)। येशूद्वारा सबै सृष्टि गर्नुभएकोले (एफिसी ३:९) सैतानले सृष्टिकर्तालाई घृणा गर्दछ। त्यो घृणा उसले संसारका शक्ति वा राज्यशक्तिहरूद्वारा र सृष्टिको स्मारक साबथलाई (दानिएल ७:२५) परिवर्तन गरेर व्यक्त गर्दछ।

परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूमा केन्द्रित आउने द्वन्द्वमा यस पृथ्वी र जगत कसको अधिकारमा छ भन्ने विषयमा हुनेछ। यदि सैतानले साबथलाई उन्मुलन गर्न सक्यो भने आफू परमेश्वरभन्दा महाशक्तिशाली आधिकारिक जीव भएको देखाउन सक्नेहुन्छ। त्यो लक्ष्य पूरा गर्न सैतानले अनेकौं तर्क गरेर वा जबरजस्ती गरेर सारा संसारले नै नक्कली साबथलाई स्वीकार गर्न प्रयास गर्नेछ।

यस्तो हुन सक्दैन भनेर हामीले अनुमान गरेतापनि यस संसार नाटकीय ढँगमा परिवर्तन भइरहेकोले सैतानले आफ्नो चालबाजी पूरा गर्ने प्रयास गरिनै रहनेछ। हामीलाई थाहा छ कोभिड-१९को शङ्कटले गर्दा संसार रातारात फरक हुन गएको थियो। पशुको छापको बारेमा हामीलाई विस्तृत थाहा नपाएतापनि त्यस छापले ल्याउने भयानक नतिजालाई अकल्पनीय भन्न सक्दैनौं। संसार धेरै अस्थिर छ। संसारका वैज्ञानिक र प्राविधिक आविष्कारहरूले र बाइबलले दिएको चेतावनीको आधारमा यो संसार हामीले सोचेको भन्दा द्रुत गतिले परिवर्तन हुन सक्छ।

**पशुको छाप नलिने मानिसहरूलाई कुन दण्डहरू दिइनेछ भनेर प्रकाश १३:१३-१७ले कसरी बताउँछ? हेर्नुहोस्ः " १३ मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गऱ्यो। १४ पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरूलाई दियो। १५ त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन्। १६ अनि त्यसले साना र ठूला, धनी र गरीब, फुक्का र कमारा सबैलाई तिनीहरूका दाहिने हात वा निधारमा छाप लगाउन लायो। १७ त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो। त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो।"**

जो येशूमा बफादारी भएर बस्छन् र सैतान र उसको मूर्ति वा आइतबारे कानुनलाई पालन गर्दैन् तिनीहरूले आर्थिक दण्ड वा नाकाबन्दी र मृत्यु दण्डको फैसलाको सामना गर्नुपर्नेछ। अदनमा पतन भएदेखि मानव प्राणीको चरित्र जहिले पनि त्यही खालको भइरहेको छः भ्रष्ट, शक्तिको निम्ति तँछाड-मछाड वा आफ्नो भाउ खोज्ने र हिंस्रक। अन्तिम घट्नाहरू कसरी र

कहिले उघारिनेछ भन्ने मामिला हामीलाई थाहा नपाएतापनि युगको अन्तमा हुने यातना वा सतावटको बारेमा कल्पना गर्न कठिन छैन। अर्कै सन्दर्भमा लेखिएतापनि यूहन्नाले व्यक्त गरेको भावनाले भन्नुपर्ने सबै थोक भन्दछ। येशूको बारेमा यूहन्नाले लेखेका थिए, "मानिस के हो भनी उहाँ जान्नुहुन्थ्यो। उहाँलाई मानिसको विषयमा कसैले सिकाउनु आवश्यक थिएन, किनकि मानिसको हृदयमा के हुन्छ, सो उहाँ स्वयम् जान्नुहुन्थ्यो।" यूहन्ना २:२५।

***मानव प्राणी कस्तो भ्रष्ट छ र दुष्ट काम गर्न सक्षम् भइरहेको छ भन्ने कुरालाई सोच्नुहोस्। अन्तिम घट्नाहरू के हुनेछ भनेर अनुमान गर्न किन कठिन छैन? यस तितो सत्यले हाम्रो हृदयलाई कसरी सुरक्षित राख्नुपर्छ भनेर हामी सजग हुने?***

## ४. अघिल्लो र पछिको वर्षा

**देहायका पदरूले पहिलो शताब्दीमा के भविष्यवाणी पूरा भएको थियो भनेर बताउँछ? त्यसको प्रभाव कस्तो थियो? हेर्नुहोस्, " २१ ए देश, नडरा, तँ खुशी भएर रमाहट गर्। निश्चय नै परमप्रभुले ठूला-ठूला कामहरू गर्नुभएको छ। २२ ए जङ्गली पशु हो, नडराओ, किनकि खुला खर्कहरू हरिया भइरहेका छन्। रूखमा फलहरू फलिरहेछन्, नेभाराका बोट र दाखका बोटले प्रशस्त फलहरू दिन्छन्। २३ ए सियोनका मानिस हो, खुशी होओ, परमप्रभु तिमीहरूका परमेश्वरमा रमाहट गर, किनकि उहाँले तिमीहरूलाई शरद्को वर्षा धार्मिकतामा दिनुभएको छ। उहाँले हामीलाई प्रशस्त झरी ल्याइदिनुहुन्छ– शरद् र बसन्त दुवै झरी पहिलेको झैं पठाइदिनुहुन्छ। २४ तब खलाहरू अन्नले भरिनेछन्, घैलाहरू नयाँ दाखमद्य र तेलले भरेर पोखिनेछन्।" योयल २:२१-२४।**

पेन्टीकोस्टको समयमा पवित्र आत्मा शक्तिशाली रूपमा खनिन्दा इसाई चर्चको सुरुवाट भएको थियो। एक दिनमा तीन हजार मानिसहरू परिवर्तन भएर बप्तिस्मा लिएका थिए। परमेश्वरको परिवर्तिन अनुग्रहको बारेमा प्रेरितको पुस्तकमा एक पछि अर्को आश्‍चर्य काम भएको लेखिएको छः " १ पत्रुस र यूहन्ना मानिसहरूसँग बोल्दै नै थिए, पूजाहारीहरू, मन्दिरका कप्तान र सदुकीहरू तिनीहरूकहाँ आए। २ उनीहरू रिसाएका थिए, किनकि येशूमा पुनरुत्थान हुन्छ भन्ने कुरा तिनीहरूले मानिसहरूलाई सिकाउँदैथिए र घोषणा गर्दैथिए। ३ तब उनीहरूले यिनीहरूलाई पक्रे, र भोलिपल्टसम्म थुनामा राखे, किनभने त्यस बेला साँझ परिसकेको थियो। ४ तर वचन सुन्नेहरूमध्ये धेरैले

नै विश्वास गरे, र विश्वास गर्ने मानिसहरूको संख्या प्रायः पाँच हजार भयो।" प्रेरित ४:१-४। माथिल्लो कोठामा केवल एक सय बीस जना विश्वासीहरू मात्र प्रार्थना गर्न जम्मा भएका थिए। तर त्यो प्रार्थनाले नाटकीय परिवर्तन ल्यायो। द्रुत रूपमा चर्चमा हजारौं मानिसहरू थपिन पुगेको थियो। धेरै पुजारीहरू पनि विश्वासमा सामेल हुन पुगेका थिए (प्रेरित ६:७)। जब चेलाहरूले यरुशलेममा भयानक सतावट खप्नुपरेको थियो तब तिनीहरू जताततै गएर परमेश्वरको वचन प्रचार गर्न गएका थिए (प्रेरित ८:४)। प्रारम्भिक चर्चको उपलब्ध हाम्रो निम्ति बलियो गवाही भएको छ। यहूदा, सामरिया, र गालिलभरी चर्चहरू स्थापना भएका थिए (प्रेरित ९:३)। पावलको परिवर्तन भएपछि उनले भूमध्यसागर संसारमा येशूको बारेमा प्रचार गरेका थिए। थेस्सोलिनिकामा केही यहूदीहरू अचम्म मानेर यो व्यक्त गरेका थिएः "तिनीहरूलाई फेला पार्न नसक्दा, उनीहरूले यासोन र कुनै-कुनै भाइहरूलाई सहरका शासकहरूकहाँ यसो भनेर कराउँदै घिस्स्याएर ल्याए, "संसारलाई उलटपुलट पार्ने यी मानिसहरू यहाँ पनि आइपुगेका छन्।" प्रेरित १७:६। पवित्र आत्माको शक्तिले त्यसबेला थाहा पाएको प्रायजसो संसारमा छोटै समयमा सुसमाचार पुगेको थियो। योयलले गरेका पहिलो वर्षाको भविष्यवाणी पेन्टिकोस्टमा पूरा भएको थियो। तर पछिल्लो वर्षा झन ठूलो शक्तिले वर्षिनेछ जब अन्तिम कटानीको निम्ति संसार तयार हुन्छ।

**परमेश्वरको काम यस संसारमा कसरी समाप्त हुनेछ भनेर देहायका पदहरूले कसरी बताउँछ? हेर्नुहोस्, "तिनले मलाई भने, "यरुबाबेलको निम्ति परमप्रभुको यो वचन छः 'न त बलले न शक्तिले, तर मेरो आत्माले,' सर्वशक्तिमान् परमेश्वर भन्नुहुन्छ।" जकरिया ४:६; "वसन्त ऋतुको समयमा परमप्रभुसँग वर्षा माग। परमप्रभुले नै बादलहरू भएको आँधी बनाउनुहुन्छ। उहाँले मानिसहरूलाई पानीको झरी बर्साइदिनुहुन्छ, हरेकलाई खेतमा बोटबिरुवा दिनुहुन्छ।" जकरिया १०:१; "आओ, हामी परमप्रभुलाई मानौं, हामी परमप्रभुलाई मान्नका निम्ति प्रयत्न गरिरहौं। उहाँको आगमन सूर्योदयझैं निश्चित छ। उहाँ हामीकहाँ वर्षाको झरी, जमिनलाई भिजाउने आखिरी वर्षाझैं आउनुहुनेछ।"होशे ६:३ र " ७ यसकारण भाइ हो, प्रभुको आगमन नहोउञ्जेल धैर्य धारण गर। हेर, भूमिको बहुमूल्य फसलको आशा राखेर किसानले अगिल्लो र पछिल्लो वर्षा नहोउञ्जेल धैर्य धारण गरेर पर्खिरहन्छ। ८ तिमीहरूले पनि धैर्य धारण गर। आफ्नो हृदयलाई स्थिर गराओ, किनकि प्रभुको आगमन नजिकै छ। ९ भाइ हो,**

**एउटाले अर्काको विरुद्धमा गनगन नगर, नत्रता तिमीहरू दोषी ठहरिनेछौ। हेर, न्यायकर्ता ढोकैमा हुनुहुन्छ।" याकूब ५ः७-९।**

"पहिला र पछिल्लो वर्षा भन्ने शब्द इस्राएलको बालीको समय आउने वर्षाबाट लिएको हो। सुरुको वर्षाले बिऊलाई उमार्ने काम गर्छ भने बसन्त ऋतुको समयमा बाली पाक्ने समय थियो। यसले सुसमाचार सुनाउने पवित्र आत्माको कामलाई वर्णन गर्दछ। पेन्टिकोस्टको समयमा पहिलो वर्षा भएको थियो अर्थात् पवित्र आत्मा खनिएर सुसमाचार सुनाउने योजनाको उद्‌घाटन भएको थियो। यसले सुसमाचारको बहुमूल्य बिउ मानिसहरूका हृदयमा रोपिएको थियो। जब बाली पाक्छ र कटानीको समयमा पछिल्लो वर्षा दिइनेछ। "- *द ग्रेट कन्त्रोभर्सी,* ६११,६१२।

## ५. उच्च स्वरले कराउँदै

**परमेश्वरको काम यस संसारमा कसरी समाप्त हुनेछ भनेर देहायका पदहरूले कसरी खुलासा गरिएको छ? हेर्नुहोस्ः "१ यसपछि ठूलो अधिकार भएका अर्का एउटा स्वर्गदूत स्वर्गबाट तल आइरहेका मैले देखें। तिनको वैभवले पृथ्वी उज्यालो भयो। २ तिनले यसो भनेर शक्तिशाली सोरले कराएः "महानगरी बेबिलोनको पतन भयो, यो महानगरी भूतहरूको वासस्थान, हरेक अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पक्षीको अखड़ा भएको छ। ३ किनकि सबै जातिहरूले त्यसको अशुद्ध कामवासनाको मद्य पिएका छन्, र पृथ्वीका राजाहरूले त्यससँग व्यभिचार गरेका छन्, र पृथ्वीका व्यापारीहरू त्यसको विलासिताको प्रभावले धनी भएका छन्।" ४ तब मैले स्वर्गबाट यसो भनिरहेको अर्को आवाज सुनेंः "हे मेरा मानिस हो, त्यसबाट निस्केर आओ, नत्रता त्यसका पापहरूसँग तिमीहरू पनि सहभागी हुनेछौ, र त्यसका विपत्तिहरू तिमीहरू भोग्नेछौ।" प्रकाश १८ः१-४, "समुद्र पानीले ढाकिएझैं पृथ्वी परमप्रभुका महिमाको ज्ञानले भरिपूर्ण हुनेछ।" हबकूक २ः१४ र "राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ।" मत्ती २४ः१४।**

महान् अधिकार भएको बेबिलोनको पतन भएको स्वर्गदूतले घोषणा गर्दछन्। प्रकाश १४मा उल्लेख गरिएका स्वर्गदूतहरू जस्तै यो स्वर्गदूत पनि मानवीय सन्देशवाहकहरू हुन्। यो स्वर्गदूतले परमेश्वरको महिमा यस्तरी प्रकट गर्दछन् कि उनको तेजले सारा पृथ्वी नै चम्किन्छ। नयाँ करारमा लेखिएको शक्ति वा अधिकार ग्रीक भाषामा एक्सोसिया exousia हो। नर्कका शक्ति र प्रधानताहरूमाथि येशूको विजय भएको प्रायजसो यस शब्दले व्यक्त गर्दछ।

येशूले यो शब्द मत्तीको सुसमाचारमा प्रयोग गर्नु हुन्छ। उहाँले आफ्ना चेलाहरूलाई सुसमाचार सुनाउन पठाउने क्रमसँग तालमेल भएको यो शब्द हो। मत्ती १०:१मा येशूले उहाँका चेलाहरूलाई नर्क र प्रधानताहरूमाथि अधिकार र शक्ति दिनुभएको थियो। असल र खराबको बीचमा भएको युद्ध विजयी हुन उहाँले स्वर्गबाटै तिनीहरूलाई शक्तिसम्पन्न गर्नुभएको थियो। मत्ती २८:१८,१९मा येशूले तिनीहरूलाई शक्तिसम्पन्न गर्दै सुसमाचार सुनाउन यसरी पठाउनुभएको थियो, "१८ तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। १९ यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, २० मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।" मत्ती २८:१८-२०।

चेलाहरू पवित्र आत्माको शक्तिले सम्पन्न भएको थियो। तिनीहरू जीवित ख्रीष्टको अधिकार र शक्तिले सुसम्पन्न भएका थिए। येशूले आफ्नो जीवन र मृत्युद्वारा नर्क र प्रधानता वा सैतानका मतियारहरूमाथि विजय पाउनुभएको थियो। उहाँकै प्रतापले नयाँ करारको चर्चले पृथ्वीभरी परमेश्वरको महिमाले उज्यालो पारेको थियो। थोरै समयमा चेलाहरूले त्यसबेलाको थाहा पाएको संसारमा सुसमाचार फैलाएका थिए (कलस्सी १:२३)।

युगको अन्तमा पवित्र आत्मा उहाँका जनहरूमाथि अभूतपूर्व शक्तिले खनिनेछ। परमेश्वरको अनुग्रहको दिनमा हजारौं मानिसहरू परिवर्तन हुनेछ र सारा ग्रहमा नै शक्तिले प्रभाव पार्नेछ। सारा विश्वमा चेतावनी फैलिनेछ र सुसमाचार फैलिनेछ र जगतभरी परमेश्वरले दिनुभएको आशा फैलिनेछ।

"सुसमाचार सुनाउने महान् काम सुरुमा जस्तै शक्तिको प्रदर्शन गरेर बन्द हुनेछ। चानचुन प्रदर्शन गरेर परमेश्वरको कामको समाप्त हुँदैन। सुसमाचारको सुरुमा भविष्यवाणीको पहिलो पवित्र आत्मा वर्षा वर्षेको जस्तै सुसमाचार प्रचार गर्ने समाप्त भएको समयमा पनि पछिल्लो वर्षा जस्तै येशूका भक्तहरूमाथि पवित्र आत्मा प्रभावकारी रूपमा खनिनेछ...।

"पवित्र समर्पित भएका परमेश्वरका सेवकहरूका अनुहारहरू उहाँको चमकले चम्किनेछ। तिनीहरू एक ठाउँबाट अर्को ठाउँमा स्वर्गको सन्देश छिटो छिटो घोषणा गर्नेछ। सारा संसारभरी हजारौं मानिसहरूले चेतावनीका आवाजहरू उठाउनेछन्। आश्चर्य कामहरू हुनेछ, बिमारहरू निको हुनेछन् र

अचम्मका काम र चिन्हहरू विश्वासीहरूद्वारा हुनेछन्।"-*द ग्रेट कन्त्रोभर्सी,* पृ. ६११,६१२।

***तपाईंमा हुनु पर्ने पवित्र आत्माको शक्तिशाली पछिल्लो वर्षा नबर्षन र चेतावनीका आवाजहरू नउठाउन के ले रोकिराखेको छ? हाम्रो काम जतिसुकै सानै भएतापनि हामीमा पवित्र आत्मा पाउन र उहाँको लागि हृदय खुला गर्न हामीले कस्तो भूमिका खेल्नुपर्दछ?***

उपसंहारः

**थप जानकारीः** सन १८५१को दशकमा एडभेन्टिस्ट अग्रजहरूले प्रकाश १३:११-१७मा उल्लेखित पशु अमेरिका नै हो भनेर ठम्याएका थिए। तर त्यसबेला अमेरिकाले प्रकाश १३:१२मा पहिलो पशुलाई पूजा गर्न लगाउने देश कसरी हुन सक्छ भनेर बुझ्न र बुझाउन कठिन त भएकै थियो होला। सन १८८०मा सैनिक पानी जहाजहरू केवल ४८वटा मात्रै थियो। ती पनि पुरानो भएको थियो।

तर शितयुद्धपछि यस संसारमा कुनै पनि विश्वशक्ति थिएन जो अमेरिकाको सैनिक शक्तिसँग जोरी खोज्न सक्थ्यो। अमेरिकनहरूले स्वतन्त्रताहरूलाई राम्रोसँग उपभोग गर्न सकेतापनि जब समय बित्दै जान्छ र कठिन परिस्थितिहरू खडा हुन्छन् ती स्वतन्त्रताहरूलाई मानिसहरूबाट खोसिने वातावरण बन्ने जाने कुरालाई बुझ्न कठिन छैन। अहिले पनि कतिपयले व्यक्तिगत स्वतन्त्रतालाई डगमगाउन खोजेको अनुभव गरिरहेका छन्।

"नक्कली साबथ वा आइतबारलाई पालन नगर्ने सबैलाई नागरिक दण्ड दिइनेछ। अनि अन्तमा आएर आइतबार नमान्नेहरू मृत्युदण्डको भागि हुनेछ भनेर सरकारले अध्यादेश जारी गर्नेछ। तर परमेश्वरको व्यवस्थामा उल्लेखित विश्रामको दिनलाई पालन गर्न अस्वीकार गर्नेहरूमाथि परमेश्वरको क्रोध वर्षिनेछ। तिनीहरू परमेश्वरका नीतिहरूलाई अवज्ञा गरेको उहाँले ठहऱ्याउनुहुनेछ।"-द ग्रेट कन्त्रोभर्सी, पृ. ६०४।

"जब आत्मिक आँधीबेरी आउँछ तब कतिपय तेस्रो स्वर्गदूतको सन्देशलाई विश्वास गर्छु भनेर दावी गर्नेहरू त्यो दावीलाई त्याग्नेछन्। तिनीहरूले सत्यलाई स्वीकार गर्दै आज्ञा पालन गर्ने नीतिलाई त्याग्नेछन् र तिनीहरू ख्रीष्टको विपक्षमा उभिनेछन्। संसारसँग मिलेर र संसारको आत्मा वा सैतानको नीतिसँग मिल्दा हप्ताको सातौं दिन साबथ होस् वा आइतबार होस् वा कुनै दिन होस आराधनको दिन मान्न कुनै फरक हुँदैन भनेर तिनीहरूले विश्वास गर्नेछन्।

जब परीक्षा आउँछ, तब तिनीहरू सजिलो बाटो खोज्छन् वा लोकप्रिय बाटोमा तिनीहरू हिंड्दछन्। सत्यमा लागेर त्यसको पक्षमा उभिने कतिपय दक्ष, प्रतिभाशाली र मनमुग्ध पारेर प्रचार गर्नेहरूले आफ्नो शक्ति वा दक्षतालाई मानिसहरूलाई धोखामा पार्न प्रयोग गर्नेछन्। तिनीहरूले कतिपय विश्वासीहरूको आस्थालाई भड्काउनेछन्। तिनीहरू पहिलाका विश्वासी दाजुभाइहरूका घोर विरोधी हुन्छन्। जब साबथ पालन गर्नेहरूलाई तिनीहरूको विश्वासको बारेमा गवाही दिन अदालतमा उभ्याउँछन् तब ती भ्रष्ट इसाईहरू नै सैतानका जोशिला माध्यमहरू हुन जान्छन्। तिनीहरूको खिलाफमा झुठो साक्षी वक्नेछन्, तिनीहरूलाई दोषी ठहराउनेछन्, तिनीहरूको विरुद्ध झुठा रिपोर्टहरू दिनेछन् र तिनीहरूको विरुद्धमा शासक र संस्थाहरूलाई प्रयोग गर्नेछन्।"-द ग्रेट कन्त्रोभर्सी, पृ. ६०८।

**चिन्तनमनन:**

अ. आउने शङ्कट प्रति सजग हुन अन्तिम दिनका घट्नाहरूको बारेमा बुझ्न किन जरुरी छ? इसाई भनाउँदाहरूबाट नै धोखा दिनेहरूबाट सुरक्षित हुन केवल बाइबल मात्र हाम्रो सुरक्षा कवच किन हो?

आ. विश्वका कतिपय प्रजातान्त्रिक राष्ट्रहरू धार्मिक स्वतन्त्रको वकालत शताब्दीयौंदेखि गरिरहेका छन्। यो अचानक कसरी परिवर्तन हुन सक्छ?

इ. एलेन जी. ह्वाइटको माथिको भनाइलाई हेर्नुहोस्। अहिले नै तपाईंले के निर्णयहरू गरिरहनुभएको छ जसले गर्दा भोलीका भ्रष्ट एडभेन्टिस्टहरूको पक्षमा तपाईं उभिन नपरोस्?

ई. दोस्रो स्वर्गदूतको सन्देश चर्को स्वरमा कसरी दिँदा कस्तो परिवर्तन हुन्छ? यस संसारमा परमेश्वरको कामलाई समाप्त गर्न तपाईंले पछिल्लो वर्षा पाओस् भनेर तपाईं कसरी तयार हुने?

## कथा १२
## रूसी भाषा बोल्नेहरूकहाँ सुसमाचार सुनाउनु
### आन्ड्र्यु मेकचेस्नी

युक्रेनका नागरिक भाडिम क्रिनचेनी स्पेनबाटबाट युरोपको पोर्चुगालमा सरेका थिए। उनी घरमा एयर कन्डिसनहरू हाल्ने पेशामा लागेका थिए। बीस वर्षपछि उनी युक्रेनका शरणार्थीहरूको सेवा गर्दै थिए। उनी स्पेनमा रुसी भाषा बोल्ने चर्चमा पास्टरीय सेवा गर्दै थिए।

**तब के भयो त?**

"हामीले केही सदस्यहरू मिलेर चर्च सुरु गऱ्यौं। अनि हाम्रो चर्च लोकप्रिय भयो र धेरैको निम्ति प्रभाव पार्ने थलो बन्यो। यो तर परमेश्वरको आशिषले भएको हो," ४४ वर्षको भाडिमले बताए।

युक्रेन छोडेपछि भाडिम र उनकी श्रीमती एलिना पोर्चुगलमा एयर कन्डिशन जडान गर्ने सफल व्यापारी भए। तिनीहरूले पोर्चुगलको नागरिकता प्राप्त गरेका थिए।

तिनीहरूको जीवनमा अचानक परिवर्तन हुन थाल्यो। यो परिवर्तन तिनीहरूमा १२ वर्षपछि हुन थालेको थियो जब पोर्च्युगिज भाषा नबोल्ने परिवार पोर्च्युगालमा आयो। त्यो परिवारका सदस्यहरूले रुसी भाषा बोल्दथे। त्यस नयाँ परिवारलाई सहयोग गर्न भाडिमलाई अनुरोध गरियो। भाडिम र उनकी श्रीमती एलिनाले त्यस रुसी भाषा बोल्ने परिवारलाई आफूहरूसँग चर्चमा सरिक हुन निम्तो दिए। भाडिमसँग बाइबल अध्ययन गर्न गरिएको अनुरोध पनि त्यस परिवारले स्वीकाऱ्यो। तीन महिना पछि त्यस परिवारले बप्तिस्मा लिएर तिनीहरूको हृदय येशूलाई सुम्पेका थिए।

भाडिम र एलिना अत्यन्तै खुशी भए। अरू रुसी भाषा बोल्नेहरूलाई तिनीहरूले खोज्न थाले। १८ महिना पछि २० जनाहरू मिलेर घरेलु चर्च चलाउन थाल्यो। भाडिमले प्रत्येक साबथ प्रवचन दिन्थे। एलिनाले सङ्गितको बारेमा रेखदेख गर्थिन्। "शनिबार दिनभरिको क्रियाकलापहरूले हामी थाकेका हुन्थ्यौं। तर हामीमा व्यक्त नै गर्न नसकिने संतुष्ट हुन्थ्यो। हामी धेरै आनन्द र खुशी थियौं," मुस्कुराएर भाडिमले बताए।

त्यस दम्पत्तिले तिनीहरूलाई नयाँ लक्षको निम्ति परमेश्वरले आह्वान गरिरहनुभएको महसुस गरे। येशूलाई ग्रहण गरेर मुक्ति पाऊन् र नयाँ

अर्थमूलक र लक्षप्रेरित मानिसहरूले जीवन बिताऊन् भन्ने तिनीहरूको चाहना थियो। आफ्नो व्यापारलाई तिनीहरूले बन्द गरे। तिनीहरू नजिकको छिमेकी देश स्पेनमा रहेको सागुन्टो एडेन्टिस्ट कलेज सरे र त्यहाँ बाइबलीय विज्ञान अध्ययन गर्न थाले। चार वर्षपछि बाइबलीय धर्मविज्ञानमा उनले स्नात्तोर गरे वा एम. ए. पास गरे।

भाडिमले रुसी भाषा बोल्नेहरूको समूह जम्मा गरे। तिनीहरू प्रत्येक हप्ता साबथ अपरान्ह बाइबल अध्ययन गर्न थाले। त्यसबेला भाडिम नजिकको सहर भ्यालेन्सियामा अन्तरिम पास्टर भएर पनि काम गर्न थाले। बाइबल अध्ययन गर्न समूहमा आएका आगन्तुकहरूलाई चर्चमा आउन निम्तो दिइन्थ्यो। अनि केही समयभित्रै १० जना नव आगन्तुकहरूले नियमित रूपमा चर्चमा आउन थाले। साबथ अपरान्ह बाइबल अध्ययन गर्ने समूह बढ्दै गए। "आफ्नै भाषा बोल्ने मानिसहरू भेला हुनु पर्ने आवश्यकता हामीले महसुस गऱ्यौं," भाडिमले बताए।

जब रुसी भाषा बोल्ने विश्वासीहरू बढेर २६ जना पुग्यो तब भालेन्सियामा रुसी भाषा बोल्ने एडभेन्टिस्ट चर्चको स्थापना भयो। स्पेनको एडभेन्टिस्ट चर्च र इन्टर अमेरिका डिभिजनले तिनीहरूलाई सहयोग गर्न थाले।

"रुसी भाषा बोल्ने सबै मानिसहरूको सेवा गर्ने हाम्रो चाहना हो। तिनीहरूको नागरिकता जुनसुकै भएतापनि तिनीहरूलाई येशूकहाँ ल्याउने हाम्रो इच्छा हो। हाम्रो लक्षमा अघि बढ्न परमेश्वरले धेरै आशिष दिनुभएको छ," खुशी भएर भाडिमले व्यक्त गरे।